नियन्त्रण विभाग -सदस्य

(च) प्रतिनिधि, आन्तरिक राजस्व विभाग -सदस्य

(छ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ज) कानून अधिकृत, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(झ) उपसचिव, बजार अनुगमन, आपूर्ति व्यवस्थापन तथा संस्थान शाखा, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य सचिव

द्रष्टब्य : खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ ।

आज्ञाले,

**नारायण गोपाल मलेगो**

नेपाल सरकारको सचिव

**नेपाल सरकार**
**अर्थ मन्त्रालयको**
**सूचना १**

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी रसुवा भन्सार कार्यालयको भन्सार क्षेत्रमा देहायको क्षेत्र पर्ने गरी तोकेको छ :-

पूर्वमा: भन्सार कार्यालयको पैठारी गेटसँगै जोडिएको पहाडदेखि लेन्देखोलाको पुरानो झोलुङ्गे पुलसम्म ।

पश्चिममा: लेन्देखोला र केरुङ्ग खोलाको दोभान (संगम स्थल) देखि भोटेकोशी नदी हुदैं भन्सार कार्यालयको पैठारी गोटसँगै भोटेकोशी नदीको किरासम्म ।

उत्तरमा: नेपाल र चीनबीच सीमानाको रुपमा रहेको लेन्देखोलाको पुरानो झोलुङ्गे पुलदेखि लेन्देखोला र केरुङ्गखोलाको दोभानसम्म ।



२७१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दक्षिणमा: भोटेकोशी नदीको किनारदेखि भन्सार कार्यालयको पैठारी गेटसम्म ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पशुपति क्षेत्र विकास कोषको गुरुयोजना कार्यान्वयन गर्ने सिलसिलामा तिलगंगा क्षेत्रका घर, जग्गा अधिग्रहण गर्दा सम्बन्धित घर, जग्गाधनीलाई वितरण गरिने मुआब्जा वापतको रकममा पूँजीगत लाभ कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री कन्याम चिया उत्पादक सहकारी संस्था लि., कन्याम-२, इलामका लागि Mahindra and Mahindra Ltd., India बाट खरिद गरिने भारतीय रुपैयाँ ४,४८,४५०.०० (चार लाख अठचालीस हजार चार सय पचास) मूल्य बराबरको MAHINDRA BOLERO CAMPER SC XL FB 2WD गाडी थान-१ आयातमा पचास प्रतिशत भन्सार महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री कालिका निम्न माध्यमिक विद्यालय, लेखनाथ-१३, मजुवा, कास्कीका लागि TATA Motors Ltd., India बाट खरिद गरिने भारतीय रुपैयाँ ९,००,०००.०० (नौं लाख) मूल्य बराबरको TATA LP 410 26 SEATER BB SCHOOL BUS BS III थान-१ आयातमा पचास प्रतिशत भन्सार महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तिलगंगा आँखा केन्द्रका लागि The Vision



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Tibet Foundation, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने स्वास्थ्य सामग्री/उपकरण मध्ये Operating Chair थान एकको मूल्य स्वीस फ्रान्क ९५.०० (पन्चानब्बे) बाहेक स्वीस फ्रान्क ५,२६०.०० (पाँच हजार दुई सय साठी) मूल्य बराबरको स्वास्थ्य सामग्री/उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल एवं मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी आरोग्य प्रतिष्ठान, ललितपुरका लागि Fresenius Medical Care Asia-Pacific Ltd, Hong Kong बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ३१,५००.०० (एकतीस हजार पाँच सय) मूल्य बराबरका Hemodialysis Machine थान तीन आयातमा एक प्रतिशत भन्सार महसूल असुल गरी बाँकी भन्सार महसुल एवं अन्य कर, शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र कोरिया सरकारबीच सम्पन्न Memorandum of Understanding बमोजिम Human Resources Development Korea, ललितपुरका लागि Human Resources Development Service of Korea बाट आयात गरिने कोरियन वन १५,००,०००.०० (पन्ध्र लाख) मूल्य बराबरका Scanner थान एकको आयातमा भन्सार महसुल पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगका लागि भारतबाट खरिद गरिने संविधानसभा उपनिर्वाचनमा प्रयोग गरिने विद्युतीय मतदान मेसिनमा प्रयोग हुने भा.रु. ३,००,०००.०० (तीन लाख) मूल्य बराबरका ब्याट्रि थान १५०० को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी



२५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाँकी महसुल तथा अन्य करहरु छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सगरमाथा चौधरी आँखा अस्पताल, विराटनगरका लागि CBM Christoffel-Blindenmission Christian Blind Mission e.V., Germany बाट उपहार स्वरुप प्रदान गरिने युरो १,५५,०९६.०७ (एक लाख पचपन्न हजार छयानब्बे सेन्ट सात) मूल्य बराबरका आँखा उपचार सम्बन्धी स्वास्थ्य सामग्री/उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी हेल्थ केयर फाउण्डेशन, बालाजुद्वारा सञ्चालित National Kidney Center, बालाजुका लागि Fresenius Medical Care Asia-Pacific Ltd., Hong Kong बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ६०,०००.०० (साठी हजार) मूल्य बराबरका Hemodialysis Machine थान ५ आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल एवं मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग अन्तर्गतको राष्ट्रिय ट्रकोमा कार्यक्रमको लागि Pfizer Inc., U.S.A. तथा Global Health Solution U.S.A. बाट आयात गरिने अमेरिकी डलर १२,५२,४८८.०० (बाह्र लाख बाउन्न हजार चार सय अठासी) मूल्य बराबरका Zithromax औषधिको आयातमा एक प्रतिशत भन्सार





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसुल असुल गरी बाँकी महसुल एवं अन्य सम्पूर्ण कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालयका लागि चीन सरकारले सहयोग स्वरुप उपलब्ध गराउने चिनियाँ युआन ६०,००,००० (साठी लाख) मूल्य बराबरका बस थान १० तथा सुरक्षा सामग्री/उपकरणको आयातमा भन्सार महसूल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका सबै करहरु छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

**मणिराम ओझा**

सह-सचिव

## नेपाल सरकार

## उद्योग मन्त्रालयको सूचना

नेपाल सरकारले खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा १४ को उपदफा (१) र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४८ को उपनियम (१) को अधिकार प्रयोग गरी बहुमूल्य पत्थर हिरा, रुवी, सफायर, इमरल्ड, कोरण्डम, टोपाज, टुर्नामिन, गार्नेट, एकुमेरिन, काइनाइट, वेरिल, क्रिष्टल क्वार्जको कच्चा पदार्थको रुपमा विदेश निर्यात गर्न नपाउने गरी आदेश जारी गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

**उत्तम कुमार भट्टराई**

नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५।-
गो.हु द.नं. १६।०६२।६३

२५५

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।